# ऐतिहासिक पत्रस्तम्भ

नं. २६३

श्री ५ हुजूर

१

खबर दिल्लीकी। जहूर जहांपना। बादशाह बदस्तूरबिच कुतब साहबके तशरीफ रखते हैं अर्से आठ रोजकेसे। तबियत हुजूरकी बहोत बीमार थी। बलीअहेद बहादुर मिजाजकी खबरके वास्ते गएथे। दर्वारमे हाजिर हुवे। मिजाज खबर हुजूरकी पूछ कर्के रुकसद होके किलेमे दाखिल हुवे। इसी अर्सेमे हुजूरको ज्यादा बिमारी बढगई। हालत निजाकी होगई। बलीअहेदने साहब किलेदार से काहभेजा। अपने चौको पहरेका बन्दोबस्त रखो। हुजुरका मिजाज हालत निजामेसे है। रोसात होयके कोई शाहजादा किलेमे आनकर बिदत करे। किलेदारने बलीअहेदसे कहेभेजा। अभी तुह्मारे कहनेसे कुछ नही कियाजाता है। तुम जमाखातरसे बैठेरहो। बाद तीन रोजके हुजूरके मिजाजको आराम होगया। अब बहोत अछातरांसे है। ओर खबर दिल्लीकी बदस्तूर है। आषाढसे वर्षा महोनेके सबबसे अन्न महगा होगया था। श्रावण वदि ५ रोजमे वर्षा हुई। अकबरावादकी खबरसे मालूम हुवा। बडे मटकल साहबका इराइदा कलकत्ते जानेका था। सदरसे हुकुम आया। पांच वर्षतलक अकबरावादमे रहो। इलाहाबादमे जो सदर निजामतका कचहेरी मुकर्रर है सो दफतर सदरके हुकुमसे अकबराबादमे आना चाहता है। खबर जैपुर जोधपुरकी बदस्तूर है। खवर लाहोरकी। आषाढके बीस रोज गएमे। काजी कालूसिंहजी कप्तान करवीरसिंहजी दोनो सर्दारौंने महाराज रंजीतसिंहवाजी लाहोरसे मुलाकात हासिल करी। सूरत ये है। कंबर शेरसिंह सर्दार ध्यानासिंह मुसाहब सर्कारका कप्तान भूपालसिंह थापावगैरे सर्दारौंको लेके कंबर मसकूर काजीसाहबको लेनेके वास्ते आए। काजीसाहब मै कप्तानसाहबके मै अपने अमलेके वास्ते मुलाकातके तशरीफ लेगए। जब किलेके नजदीक पहोंचे हकीम अजीजुद्दीन नूरुद्दीन पंडित दीनानाथजी बगैरे मुसाहबोने काजीसाहेबसे मुलाकात करी। मीजाजकी खबर पूछी। हजूरी बागमे महाराज रौनक अफरोज थे। काजीसाबने हजूरीबागमे महाराजासे मुलाकात हासिल करी। एक सौ एक रुपया महाराजके उपरसे काजीसाहने नौछाबर किया। नजर देनेकी तफसील ये है। काजीसाहबके तरफसे मोहोर ५ बेटेके तरफसे मोहर २ कप्तानके तरफसे मोहर ९ कप्तानके बेटेके तरफसे मोहर १ मुषिया राजवीरके तरफसे १ सुबेदारके त. १ जयशंकरके तरफसे बुदकी २ श्री निवास दारोगा २ ज्मा. प्रेमनारायण सेन २ शागिर्द पेशेके तरफसे १५० रुपै बाद नजर देनेता देरलेक मिजाजकी खबर पूछतेरहे। बाद इस्के जिनिसतौ महाराजके सामने रखागया। तफसील ये है ... १ ... के तरफसे नीलक थान १ पार्चेचीनके थान ९ बंदूक दुनाली बिलायती १ नाकेमुष्कके २० खुखुरी १ डोडामे तहे नाल सोनेके १ चन्द्रहाव सुफेद १ ... मुष्कदानेकी माला १ क्वांच मखमली १ बष्पू चीनका १ नैनसुख थान २ मलमल थान ५ ढाकेकी ५ गो ... ३० ... ७ पगडी ढाकेकी ४ जामदानी थान ५ कमखाब थान ९ हाथीमै झूल ३ वगैरे असबाबको महाराजने बहोत पसन्द किया। एक एक चीजको ता देरतक हाथमे लेके देखते रहे। काजीसाहबकी तरफसे हाथी १ टांगन अबलक ५ मलमल थान २ पगडी १ छत्र मैकलसी सोनेकी। किरणका सर्वांग मैनाफेके १ खुखुडी खोडा १ मै तहे नाल सोनेके। कुत्ते भोटिये २ राजवीर मुखियाके तरफसे कमखाब थान १ खुखुडी १ बेनेमुष्क २ बाद इस्के बाद

घडीतक बातें महाराज हरेक जिलेकी पूछते रहे । काजीसाहब रुकसद होके अपने खेममे दाखल हुवे । हकीम अजीजुद्दीन ज्याफतलेके आए तफसील ज्याकतकी । बाबत काजीसाहबके डेरे भेजे एक हजार दो सौ पच्चीस रुपै कप्तान ६२५ मुषियाँ राजवीर १२५ इनामकी तफसील । सर्कारी जिनिससे जानेवाले आदमीयौंको इनाम ५०० काजीसाहबके जिनिस लेजानेवाले आदमीयोंको १०० फीलवान सर्कारीको २०० पौशाष जोडा चादर । साईसोंको १५० पौशाष जोडा चादर । एक फीलवान १०० काजीसाहबके फीलवानको १०० साईसोंको ५० कुत्ते ५० पौशाष २ दूसरे रोज ज्मादार सर्कारने मुसव्विरों याद किया था । काजीसाहबने मुसव्विरोंको जमादार साथ करके भेजा । इनके हाथका काम तसवीरे देखकर महाराज बहोत खुश हुवे । ज्मादारको एक जोडा चादर दिया । मुसव्विरोंको खिलत देके रुकसद किया । दूसरे रोज महाराजने काजीसाहबको बुलाया । काजीसाहब कप्तानसाहब मुषिया राजवीरजी काजी भूपाल थापा चारों साहब मुलाकातको गए । चार घडीतक एकान्तमे बातें रही । काजीसाहब रुकसद होके अपने डेरेमे तशरीफ लाए । आगे जैसा हाल गुजरेगा सो अर्ज करुंगा । सं १८९४ आ. वदि ८ रोज २ शु – – – – – – – – – – – –

–।–

नं. ४७१

अर्जि – – – – – – – – – – – – –
उप्रान्त अंरेजको मुलुक अर्ज तुलमा कति छ चौतर्फी सिवानाको नक्सा उतारि पठावनु सिवाना कससंग मिल्याको छ किल्ला ज्मा कति छन् कौन कौन जगामा छन् साना ठुला कस्ता छन् वारुदषाना ज्मा कति छन् कौन जगामा छन् साना ठुला कति छन् मेगजिन काहां काहां कति छन् फौज ज्मा कति छ काहां काहां कति छ गोरा तिलंगा तुर्कसवार कति छन् पगरि कति छन् तोप काहां काहां कति छन् कल्कत्ता सहर र ताहांका किल्ला हवेलि कस्ता छन् नक्सा उतारि पठावनु बन्दुकमा लागन्या काला पत्थर याहां पाहाडमा चिन्या मानिसमा २ जनालाई दर्माहाको वन्दोवस्त गरि पठाइदिनु हुकुम बुढागुरुज्युवाट आयावमोजिम अंरेजको मुलुक अर्ज तुल्मा कति छ भनि हुकुम भयाका अर्थ हिन्दुस्तानका वादसाहत्मा नेपाल र पंजापका अमल्दारिवाहेक कति अंरेजको षास दषल्मा छ कति अंरेजका तावेमा छन् अंरेजका तावेमा भयाका राजारजवाडा नवावका मुलुक अंरेजका षास अमल्दारिका माझ माझमा हुनाले उन्हेरुसित सिवाना छ चौर्तफि सिवानाको नक्सा उतारि पठाउनु भनि हुकुम आयाका अर्थ चौर्तफि सिवानाको नक्सा उतार्दा सारा हिन्दुस्तानको नक्सा उतार्नुपर्छ नक्सा उतार्न जान्या मानिसहरूलाई सोधदा हिन्दुस्तानका एक नक्सालाई दुई सये रुपैयांदेखि कम भन्दैनन् उ नक्सा पनि अंरेजिमा उन्हेरू उतारिन्छिन् हिन्दि अक्षर आफुले लेषावनुपर्न्या हुदा नक्सा नलेषाई अंरेजि र फार्सि अक्षरमा छापा भ...को हिन्दुस्तानको नक्सा षोजि अंरेजका दोकानवाट ८० रुपैयांमा खरिद गऱ्यां सिवाना कसकस ... म भयाका अर्थ वायव्य कोनातिर सिषका मुलुकसित सिवाना छ पच्छिम ... दषिन सिवानामा समुद्र छ आग्नए पुर्व वर्माका मुलुकसित सर्हद छ उत्तरका तर्फ नेपालका मुलुकसित सर्हद छ किल्ला ज्मा कति छन् कौन कौन जगामा छन् साना ठुला कस्ता छन् भनि हुकुम भयाका अर्थ अंरेजले वनायाका ठुला किल्ला २ छन् कल्कत्तामा एक कल्कत्ताको किल्लाको नाम फोर्टवलीयम छ मनराजमा किल्ला १ मनराजका किल्लाको नाम फोर्ट सिष्तजार्ज छ कल्कत्ताका गौर्म्येन्टका तावेका मुलुकमा हिन्दुस्तानिका पालाका मुलुकमाका किल्लाहरूमा चनरिगढको किल्ला प्रयागको किल्ला आगराको किल्ला आवाद छ ईन किल्लामा फौज गोरा काला तिलंगा तोपषाना वारुदषाना मेगजिन रहन्छ कल्कत्ताका इलाकाका मुलुकमा हिन्दुस्तानिका पालाका ई ३ किल्ला वाहेकका किल्लाहरू ... ... पनि रहदैन किल्ला टुटिफुटि उजार छन् याहां अंरेजका कागजमा उन किल्लाको तप्सील लेषियाको छैन काहा छन् कति छन् केहि ठेकाना पाईदैन वम्वै र मनराजका मुलुकमा पुराना किल्ला ... ... तेस्को केहि ठेकाना मिल्याको छैन षोजतलासमा छु पाउन्या वित्तिकै विन्ति चह्राई पठाउला वारूदषाना मेगजिन वेलाईति गोरा र हिन्दुस्तानि तिलंगा र तुर्क सवार पगरिहरूको र तोप वम गीराफको तायदात चह्राई पठावनु भनि हुकुम भयाका अर्थ कम्पनिका कार्षानामा इ सबवाट ... ...बहुतै तलास गर्दा एक किताव हात लाग्याको छ

त्यसमा फौजका......हरूका तपसिल लेष्याको छ तर्जुमा गर्न लाइराष्याको छ अरूको पनि अभिन्तर तलास गर्दछु उस्का हालसुरतको विन्ति पनि चह्राइ पठाउला तर्जुमा गर्दा अरेजि हिन्दुस्तानि जान्या मानिस चाहिन्छ अघि २० रुपैयांको दर्माहा अरेजि लेषपढ गर्न्याको मिल्दो रहेछ अव अरेजि लेषपढ गर्न्याको दर्माहा नाएवलाइ षापिन जांदा विनाहुकुम अर्को मानिस राषन सकियाको छैन नाएव मदनमोहन तिवारी ४।५ दिन्मा कैल्हेकाहिं आउथ्या विन्ति चह्राइ पठायाको हो आजकाल चौथा प्रहर्मा १ फेर आउछन घरि २ घरि रहन्छन् घरि २ घरिमा तर्जुमा होइसकतैन अरेजिमा न......विसि सम्मको सामरथ उन्मा छ तर्जुमा उन्का हाथ होइ पनि सकतन १ वंगालि अंरेजि वेस जान्यालाइ लगाइ राष्याको छ उसित अंरेजिको वला भाषामा बुझि हाम्रा वोलिमा तर्जुमा गर्न लाउछु आफ्ना बुद्धि पौरुषले पुगिआयासंम हुकुम भयाका काजमा मिहिनत गर्न्या सेवकको धर्म हो अन्जाम खामीदका अकवालले हुन्छ कल्कत्ता सहर र ताहाको किल्ला हवेलि कस्ता छन् नक्सा उतारि पठाउनु हुकुम भयाका अर्थ गवर्नर वस्न्या घरको र अंरेज......चौरंगिसडकका मकानहरूका तसविर २३ मछुवावाजारवाट चितपुर जान्या सडकमाका तसविरहरू लिराष्याका छन् अरूका तलासमा छ पायासम्म षरिद गरुला कल्कत्ता सवै सहर र किल्लाको नक्सा छापाहरू अंरेजि हरफमा पाइन्छ नक्सा साना कागजमा हुनाले हाम्रा अक्षर लेषदा नअटाउन्या हुंदा नक्सा लेषन्या कारिगरसित ठेकाना गर्दा ११२ रुपैयांमा ठेका भयो नक्सा लेषन्याको मजुरि १०० रूपैया नक्साको वेलाइति कागज ३ फर्दको दाम १२ रूपैया वन्दुकमा लाउन्या काला पत्थर चिह्नि यांहां पाहाडमा षोजि निकालन सकन्या मानिस तलास गरि पठाउनु भनि हुकुम भयाका अर्थ हिन्दुस्तानि वंगालिहरूमा हामि सकौंला भन्या कोइ फेला पर्दैनन् अंरेज फरासिसका ठिमाहाहरूमा पाइन्छन् हजुरमा नषक्साइ ईनहरूसित कुराकहानि गर्न सक्याको छैन हुकुम आया एस कामका मानिस फलामका तोप वम ढालि तुर्फान धुवाका कलले गर्न सकन्या अंरेजि दस्तूरका किल्लाहरू वनाउनाको काम जान्या वन्दुकका पुर्जा चिह्नमा वनाउन जान्या अंरेज फरासिस उन्का ठिमाहाहरूमा पाइन्छन् इन्हेरूमा षोजेर पठाउन्या हो कि कसो हो एत्तलाएनिमित्त अर्जि विन्ति चह्राइ पठायाको छ जो हुकुम इति सम्वत् १८९४ साल मिति मार्गशोर्ष सुदि ११ रोज ६ मोकाम कलकत्ता बडिवाजार दर्माहट्टा शुभम् – – – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि शुभाशीर्वाद शुभम् – – – – – –

– | –

नं. १२६

अर्जी– – – – – – – – – – –

उप्रान्त गरिप्रवर वैशाक वदि १२ रोज ६ का दिन नागपूर दाषील भयुं. हाल बुझ्याको समाचार राजा रघुजी भूसिलो रहेछ कारिन्दा गुलामलि मुसल्मान रहेछ इन्का तैनाथमा ७ हजार जुवान रह्याछन् खानु इन्को बुझ र जश्ले दवायाको छ उस्का इसराले काम चल्दो रहेछ यांहांको दस्तूर कोइ उनाउ आद्मी आया जामीन खडा गर्‍यो भन्या वस्न पाउदो रहेछ उ कुरो भयेन भन्या वस्तिमा वस्न पाइंदो रहेनछ को काहांवाट आयो को क्या बोल्छ भन्या निन्दा वहुतै रहेछ नागपूरदेषि उत्तरदिशा कोश २ मा कामटि भन्याका जग्गामा छाउनी रहेछ गोरा पल्टन २ काला पल्टन ६ ज्मा ८ पल्टन ली जर्णेल वस्याको रहेछ जो नागपुरको काम हो साजसुमेरको षईषवर नामनामासि अंरेजसित पुग्दो रहेछ मुलुक गर्मि पानि नुना षराप् छ भवान्सिं षत् १०।१२ दिन बसि दक्षिणतरफ गयाछन् प्रभू षोजदा बुझदा पायाको लेषि अर्जि चढाई पठायाको छ गुज्रला वन्दिनीवाज गुलामले अवि पनि निमषै जानि काम गरि आयाको होला अव पनि निमषे जान्याछ मेरो कोई छैन श्रीफ आधार षामीदका चरणको छ म टाढा छु लालवाल चरनमा छन निघाहा भयाजावोस् सदय हृदयानन्द प्रभु चरणेष्वालमतिविस्तरेण इति सम्वत् १८९५ साल मिति वैशाक शुदि ५ रोज १ मुकाम नागपूर शुभम्– – – – – – – – – – –

–०–

नं. ४९

श्रीइश्वर जमुना श्रीचौतरिया साहेव श्रीदैव षाविन्द
१ २ ३ ४

अर्जि – – – – – – – – – – – –

जहांपना अक्र षवर वीस्तार अघी चह्राई पठायाको तेह्रवां अर्जिवाट जाहेर भयोहो हालको अर्थ सुना चांदी तांवा सीसा लोहा गैह्रको षान षानी तजवीज तलासलाई आयाको कप्तान दुर्जमन साहेपसंग भेट श्रेस्ताचार गरियो र तेस्ले कह्याको षवर ब्रह्माको वादसाह थारावादी आजकल पागलको तौर भयाको कौल करारमा वेकौल भै जंगी कामको वंदोवस्तमा लगीरहेछ कल्कत्तामा पनी जंगी कामको ताकीदी मजबुती हुन लागीरहेछ वर्वादसाह ब्रह्मासंग जु सलुक जो हुन्छ नेपालवाट कल्कत्ता जान्या जर्नेल आजकल लाहोरमा पुग्या नेपालवाट जगा जगा वकील षलतारपत्रको आवतजावत वहुत हुन लागीरहेछ ब्रह्मावालासंग दोस्ति १ वाक्य पनी भयो भन्या षवर सुनिन्छ षवर येकिन हो भन्या वेहेतरी देषिदैन क्युंकि अंरेज कंपनि वहुत जवर्दस्त छ येकतर्फ सलुक वंदोवस्त वांधी चारौंतर्फ-वाट भारी फौजले हल्ला गर्दा कोही राजाहेरू ठहर्न सक्न्या-छैनन् तमाम हिन्दुस्तानी राजाहरूको १ वाक्य पनी केही भैसक्न्या छैन राजाहेरू आप वर्वाद हुन्याछन् भनी येस्तै घेरै कुराको अंरेज कंपनीको तारिफ गर्‍यो र तेस्को जवाव वर्वादको अर्थ फत्ते र सीकीस्त दो चीज – –१– – को अषत्यारमा रहन्छ जस्को उपर नाषुस हुनन् उ वर्वाद होला नेपालको र ब्रह्मावालाको दोस्ती १ वाक्य भयो भन्या षवर गलत देखिन्छ अनेक्र राजा वादसाहहेरूसंगको दोस्ती श्रेस्ताचारको षलतारपत्र तर्तोफाको आमदरफ्त कदीमदेषी चली आयाकै छ आवतजावत हुदैछ मातवर्सि थापाको अर्थ रुवोस भै नेपालवाट गया भन्या षवर छ कलमी षवर भन्या छैन भन्या जवाव दिन्या काम गरियो जाहेर होला जुनावै आली लषनौमा ६ पल्टन काला र १ रिसाला जम्मा ७ पल्टं पुरानु छंदै थियो अव नवावले फौजको मुषत्यारीका मदीयार ४ पल्ट नयां भर्ती गरि ज्मा ११ पल्टमा चाहीन्या जर्नेल कर्नेल कप्तान लप्टेन गैह्र साहेवान भर्ति भै पल्टंलाई चाहीन्या तलब तन्षाहवापत लषनौको जिल्लामध्ये जगा छुट्याई तेस जगाको वंदोवस्त तहसीलमा साहेवानको जवानी सुन्याको हो जाहेर होला गरिवपर्वर अंरेजका अम्वलमध्ये मधेस पाहाडमा वजीर वादसाहवाट अघि पायाको माफि जमीन जागीरान जति छ जफ्त गर्न्या कामको मुषत्यार भै कप्तान वरुस्तर साहेव भन्याको आयेछ हाल वरेली फर्षावाद कासीपुरतर्फको बन्दोवस्त गर्न लागीरहेछ गढ कुमाउमा पनि आउन्याछन् भन्या षवर छ कासीपुरतर्फको वन्दोवस्तमा वागवगीचाको आठ आना वीघाको दरले रकम तिर्नाको कबुल गर या वगीचाको वोट डाला काटी षेत वनाइन्छ भनी टंटा गरीराषेछ भन्या षवर छ गुरुद्वार सुषाठोरतर्फ फाल्तु गोरा साहेवानहेरूले – –२– – जीवाट गुलनहर झिकी कदीमी वैरान कालावन्जरमा वंगला वनाई वस्ती वसाइ षेती गर्न लागीरह्या छन् भन्या निस्तुक षवर छ तसर्थ क्रम क्रमले भरहिन्दुस्तानमा गोरालोगको वस्ती हुन्याछ भन्या हिंदुस्तानी छोटा वडा सवको चीतमा पर्‍याकै छ २।३ वर्षदेषी ईनीहेरूको नीयेत सव वातमा कम हुदै आयाको देषिन्छ तत्पर हाल हिंदुस्तानीहेरूको १ वाक्य भै सकला भन्या चीत्तले देष्दैन थोरैले काम नीभाउनु कठि देषिन्छ जाहेर होला गढ कुमाउको अर्थ २० सल्लाको वन्दोवस्त कर्नेल गौन साहेववाट हुन लाग्याको हो यो साल अघी त्रीयेल साहेववाट भयाको पट्टा वंदोवस्तवमोजि पैसा उठाउनु भन्या लाठ गवरनरवाट लेषि आयो र ३।४ पर्गन्नामा २० सल्लाको वंदोवस्त भै पट्टा सौपियाको पनी पट्टा फिर्ता भयो जंगी मुल्की कामको दुवै लाठ सीमल्याको छाउनीमा छन् वाद वर्साद नोम्वरको मैह्ला अर्थात मंसीरको मैह्लामा रणजित्सिंसग भेट मुलाकात हुन्याछ जाहेर होला वंदनेवाज सेवकको अर्थ वर्षाको यांममा नयां षवर उस्तो केही पाई दैनथ्यो र ४ मैह्ला वर्षा सिलगडी आई वसिन्थ्यो सालवसाल सो मामुली वाधीयाको हुनाले कंले जान्छौ भनी साहेवानहरू वारवार सोधनी गर्न्या तसर्थ वेहोरा विति लेषियावमोजिम डोटी – – ३ – – वाट वोलाहट मेहर भैगयो र हवल्दार भुजवीरलाई अल्मोडामा थामी साहेवानहेरूसग श्रेस्तावारिको वीदावारी भै आउन्या काम गरियो र वैतरी किल्लाघाट अडा गौडामा चाहिन्या काम-कुरा कंपनी पगरीहेरूलाई अह्राई आषाढ वदि २ को दिन सीलगढी आईपुग्या पारीको जगा वीसेस चाहीन्या षाईषर्चके पक्का रूपैयांको सट्टापट्टा गरी वादवर्साद अल्मोडा जान्या काम गर्न्याछु आईन्दाके हजूर्जगंजूर दीनदुनीका —४— हुनुहुन्छ सर अप्सर माफ र पर्वरसको नीगाह फर्मायाजाला

ज्यादा हद् अदव शुभं – – – – – – – –

ईतनोमकपर्वदाकदीमी सेवक चतुर्भुज मल्लको कुर्णेस सेवा ३

९५ साल आषाड वदि १० रवौ डोटी सिलगढी शुभं – – – – – – – – – – – – –

–।–

नं. २७९

स्वस्ति श्रीसर्वोपमायोग्य ब्रह्मकर्मसमर्थ श्रीश्रीश्रीश्री-श्रीश्री राजगुरु पण्डितराज रंगनाथ पण्डितानां चरणसरोरुहेषु भिक्षुक लक्ष्मणशर्मण: प्रणामा: सन्तु यांहा कुशल ताहां कुशल भया हाम्रो उद्धार्होला आगे यांहाको समाचार भलो छ उप्रान्त आषाड वदि ९ रोज ७ मा वात्साह मोतिमहल्मा हुनुहुन्थ्यो अलीअहीद आया मोजरा गन्या वलीअहीदलाई कटौरा नाम गन्याको वाग वक्सनुभयो वलीअहीदले असर्फि १ नजर्दि सलाम गन्या ताहांपछि वात्साहले मुगल वेग षां वजीरलाई हुकुं भयो मैले सुन्या अलफ वेग षां कपतानले वहुत कादमि सिपाहिहरूलाई षारिज गन्योअरे त भनिदियास् कोहि गरिपलाई षारिज नगरोस् आषाढ वदि १२ रोज ३ मा वात्साह पोसाक अलंकरण आफ्ना लगाई वैराउनुभया मिर्जावली अहीद किल्लेदार होलसं साहेव अरू दुई साहेव सर्दारहरू मोजरा गरि वात्साहका पाउरखुवारि भया षानका वजारमा मुल्ला साह नाउ गन्याका फकीर वस्याका जगामा जाई फकीरसित भेट गरि वांहि वात्साहले कौवालको गाउनु सुन्या रोकसत हुदामा रुपैया भन्याको जरीको थैलि फकीरलाई चह्राउनुभयो फकीरले पनि पगडि १ वोला कोसेर्नि वात्साहलाई दि विदा गन्या वात्साह आउदा जादामा कंपनिका तरफवाट २१।२१ पटक तोपका आवाज भया नवाफ वजीर मम्मत षांको षलिता लि तामस साहेवलाई दिया पचास हजार रुपया मम्मत षांले ज्ञानचं सेठका कर्जा लियाका छं त्यस्मा कंपनिवाट वाह्र हजार पाच सय मम्मत षांलाई जो रुपया दर्माह मिल्छ सो ज्ञानचं सेठलाई मिलोस् ति कुरा सुनि पत्र हेरि तमास साहेवले उत्तरा लेष्यो यस काममा अजमेरका रजीदफको सापैंछ तम्रो पत्र नआउंज्याल कसैलाई १ कौडि पनि दिन्याछैन आषाड वदि १२ रोज ३ का रातमा षानपिन गरि तामस साहेव गुडगाउ गया राजाहरूका वकीलहरू तामस साहेवसित गया केहि दिन तांहा वसि आउन्या कुरा सुनिन्छन् वुध वार रविसेन सिकत्तर साहेवले संसुदि षां नवाफका तनुषाहदारलाई पचिस हजार रुपया कोठिवाट दिया हिंदुराउ मर्हट्टाको मैह्ला ५ को दर्माह पचास हजार रुपया महाराज जनकुराउ ग्वोलियरका मालिकले तमास साहेवमार्फत पठाई दिया तमास साहेवले हिंदुराउलाई दिया लषनौका मालिक नसिरद्दौला उठ्न वस्न सक्तैनन् पलंमा जनानाषांमा पडिरहन्छं कचहरि पनि तांहि हुन्छ उंले सर्कार कंपनिलाई लेषिराष्याछं पचिस लाष रुपया म नजरआना चह्राउछु मेरो जिउ छदै मेरा छोरालाइ गादिमा वसाइदिनुहवस् मेरो मुलुक सर्कारमा इजारा गरिदिछु भन्या इ कुरा पनि सुनिछन् जयपूरका राउल वैरिसालका छोरालाइ महारानिवाट तम्रा वावुको काम तिमि गर भन्या हुकुं भैरहेछ भन्या कुरो सुनिछ करुणानिधान इ सवै कुरा सुन्याका लेषिछन् हुन् होइनन् यो ठहराउन सकिदैंन माफ गराइवक्स्याजाला म अज्ञानि छु किमधिकं विज्ञातितरेषु इति सम्वत् १८९५ साल मिति आषाड शुदि रोज मुकाम दिल्ली शुभम्– – – – – – – – – – – – –

यससमेत सात आठफेरा पत्र चह्राइपठायाका भया पुग्छं कि. विचमा अट्कछं वुझ्न सकियेन.

लाहुरेदेखि ३० कोस फिरोजवादमा मेरठ्को छाउनि जांछ भनि सुनिछ.

–।–

नं. १७३

अर्जी – – – – – – – – – – –

उप्रान्त कलकत्ता वस्न्या साहेवहरूलाई विलायतदेखि पारमंटन सोहेवानको पत्र आयो षवर हैरातको पंजावको कावुलको सिधुको अरू मुलुकको पनि चाडो गरि लेखन्या

गर चाडो चलन्या जाहाजमा हालि पठाउन्या गर त्यो पत्र देखि कलकत्तावाट अकवाल नवीसहरूलाई पत्र आया सात आठ दिनमा षवरको पत्र १ लेष्यो अव रोजिन्ना पत्र लेष्न्या गर कोहि कोहि साहेवहरू भन्छन् रूषका वात्साह- लाइ हिंदुस्थान हेर्नाको इरादा छ इरानको फौज हैराततरफ आयो इरानका फौजमा रूषको फौज पनि सामिल होइजाला यस्तो बुझिछ तसर्थ विलायितका साहेवहरू षवर सुन्न षोज्छन् वडा वडा साहेवहरू विराना मुलुकको षवर सुर्द रह्या छिद्र पायेर आफ्नु काम गर्नु हुंछ भंछं लंधंकि वात्साह आदि दंतुरिको तारिफ गर्छन् साना उमेरमा इंले ठूली वंदवस्त गरिन् स्वास्निदेषि यस्तो वंदवस्त हुंदैन भनि साहेवहरू भंछं लंधंमा मास ३ मा १७ फेरा भूमिकंप भयो दिन ३ आंधि आयो धुलो उड्नाले दरिया उसोर भन्याको स्थल जस्तो भैगयो भंछं षवर लाहुर्को दिनानाथ दिमानले विंति गऱ्या वकील रूषका कावुलदेखि हजूरमा आउंछं उंलाइ हतियारसमेत सिपाहि सवारिको कवाइज् देषाउनु लाठ साहेववाट पठायाका मुसाहेवहरूको मान गर्नालाई महाराज दीनानगर वस्याका छं भनि सुनिछ कावुलवाला सासुज्जाल उल्लुकका वकील २ लोध्यानादेषि लाठसाहेव छेउ गयाथ्या हवाल सोधि सय सय रुपया षिल्लत दि सय सय रुपया नगद दि लाठ साहेवले वकीललाइ विदा गऱ्या अरू वृत्तान्त अर्का पत्रवाट जाहार होला सुन्याको गलवा षवर लेषिछ क्षमा राषिवक्सिस भया वढिया होला किम- धिकमतिविज्ञेषु इति सम्वत् १८९५ साल आषाड शुदि रोज शुभम्– – – – – – – – – – –

भिक्षुक लक्ष्मण शर्मण: शुभाशिष: सन्तु.

– | –

न. ३२

अर्जि – – – – – – – – – – –

उप्रान्त कर्नेल विन्सन साहव वर्माका रजिडन्ट भै वाद्साहि जंगिजहाज १ र धुवाको जहाज १ साथ ली वर्माका मुलुकतिर गयाका छन् इनलाइ वाहा रहन दिया मुलुक राष्या भन्या लडाइं हुन्याछैन इनलाइ वाहा रहन दिएनन् फेरि उचित पनि वांहावात् सलुकि गऱ्या भन्या लडाइं हुन्याछ भनि षवर्का कागजमा छाप्याको छ विन्सिन साहवलाइ वर्माका मुलुकमा रहन दिएनन् भन्या ईनले वांहावाट षवर लेष्यापछि नवाव गवर्नर पनि डाकमा कलकत्ता आउन्याछन् भन्या षवर अंरेजहरूका जवानि सुनिन्छ नेपालका वकीललाइ लुधियानामा लाहोरतिर जान मनाहि गरि रोकिराष्याको छ भनि फार्सि अषवार्मा र समाचार दर्पन अषवार्मा छाप्याको रहेछ दुवै अषवार हजूर्मा चह्राइपठायाको छ मैह्ना मैह्नामा साहव सिक्रटरि दर्वार गर्थ्या ३ मैह्नादेषि यांहा गर्मि ज्यादा हुन्छ भनि अयानक गै वस्याका छन् वाहावाट आइ कौसलमा काम गर्छन् मलाइ फुर्सत छैन भनि दर्वार गर्दैनन् आजकाल पुर्व पच्छि- मतिरको गडवड हुनाले कामले फुर्सत नपाइ दर्वार वन्द गऱ्याको होला भन्या जस्तो लाग्छ पायाको षवर विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९५ साल मिति श्रावण वदि १ रोज १ मौकाम कलकत्ता जीतपुर शुभम् – –

सेवक लोकरमणोध्यायको वेदोक्त पुराणोक्त सहस्रकोटि शुभाशीर्वाद शुभम् – – – – – – –

–०–

नं. ६८

श्री ५ सर्कार

१

अर्जि – – – – – – – – – – –

उप्रान्त श्रावण शुदि २ रोज ५ का मितिमा महाराजा रन्जितसिंह र लाठ साहेवको भेट मुलाकात भयाको असवरन्सावले वनायाको नक्सा र वयांनको किताव चाडो षरिद गरि चाडो पठाउन्या काम गर भनि वक्सि पठाया गयाको लालमोहर भाद्र वदि १ रोज ६ का दिन डाक- मार्फत पाइ सीर चह्रायां महाराजा रन्जितसिंह र लाठ साहवसित मुलाकात भयाको तसविर सव मजिलिससमेत असवरन्साहव चिन गयापछि उन्का असवाव लिलाम हुदा

लिलामघरमा देष्याथ्यां पैल्हे फर्माएस नहुदा षरिद गर्न सक्किएन हुकुम आयापछि यांहाका अंरेज वंगालि दोकान्दा- रहरूका दोकानमा तलास गर्‍यां पनि अरू तलासमा लागि- रह्यांछु अरू पाइयाको छैन पाउन्याविस्तिकै हजुर्मा चह्राइ पठाउला लाठसाहवका साथ पन्छाहवाट आयाको सौगातको असवाव भाद्र सुदि ८ का दिन लिलाममा विक्री हुन्याछ भन्या षवर सुनिन्छ उस् दिन लिलाम हुदा पाया षरिद गरि चह्राइ पठाउला हालसाल तलासमा काही पाइयो भन्या षरिद गरि चह्राई पठाउला महाराजा रन्जितसिंह र लार्ड अक्लन्डका मुलाकातका वयांनको किताव षोज्दा पाइदैन अघिका लार्ड विन्टिसित महाराजा रन्जितसिंहका मुलाकात भयाका वयान्को किताब टोपि प्रेन्सिप साहेवले वनाइ छपा- याको तलासमा पाइयो षरिद गरि चह्राइ पठायाको छ हजुर्मा गुजृला यांहा लडाई भिडाइको हालसुरत पायाको पैल्हेका अर्जिमा विन्ति चह्राइ पठायाको हो यांहा अंग्रेज- हरूसित मुलाकात हुदा अवस्य लडाइँ हुन्छ भन्छन् कदाचित् मसित पेट राषि कुरा गर्छन् कि भनि हाफिज अहमद कविर अवि मदर्साका अमीनलाइ अभिन्तर वुझन भनि लायांथ्यां उनले कुराका प्रसंगमा सोधपुछ गर्दा नेपालका तरफवाट साह्रै अचाकलि हुन लागिरहेछ वल्किन्सन साहव तिह्रुत जिल्लाका कलक्टर्ले एस जिल्लाको सिवाना नेपाल्का तरफ- वाट फौज आइ दवायाको सुनि मनाहि गर्न भनि नाजिरलाइ पठायाथ्यां नमानि नाजिरलाई निकालि दि सिवाना दवाया भन्या कौशलमा लेष्याका चिठिले नेपाल्का तरफवाट साह्रै अचाकलि हुन लाग्यो भनि लाठ साहव साह्रै दिक भयाका छन् भनि टोपि प्रेन्सिप साहव तेस्रो कौसलिले हाफिज अहमद कविरसित भन्याका कुरा उनले मसित षसोषास वयांन गर्‍या कलत्ताका पुलिसका सुपरिडन्ट कपतान वच साहव- सित भेट हुदा वातचितका प्रसंगमा नेपालसित सर्कार कम्प- निका अवस्य विग्रन्छ मेरो पल्टन वनारसमा छ मलाइ पनि जानु भनि हुकुम भयाको छ पल्टन कुच हुन्या ताकमा म पनि यो काम छोडि आफ्ना पल्टनमा सामेल हुन जांला भन्या कुरा गर्‍या हाम्रा त लडाइको मन्सुवा थिएन कम्पनिका तर्फवाट षानषा अहद पैमान छोडि विग्रन्छौं भन्याका वेलामा हाम्रा तर्फवाट पनि विग्रनै पर्ला सलुक दुवैतिरबाट राष्या रहन्छ एकैतिरबाट राषि रहदैन भनि मैले भन्दा तिमिहरूका तरफवाट अचाकलि हुन्छ हाम्रा अंग्रेजको पैल्हे आफु विग्रन्या दस्तुर होइन जाहांताहां सिवानामा लस्कर आइ हाम्रा कम्पनिका जगामा लुटपिट गरेर लैग्या दोस्तिमा यस्तो चाहिन्या हो क्या तव अरू पनि धेरै कुरा छन् तिमि- लाइ त केहि लेषि आव्दो रहेनछ तिमि केहि थाहा पाउदा रहेनछौ हिन्दुस्थानमा एस्तै वेवन्दोवस्त हुनाले हामिले अर्का वेलाएतवाट आइ हिन्दुस्थानको वेलाएत लियुं भनि ठट्टा गर्‍या कैं कुरा गर्‍या भयाको विस्तार मलाइ लेषि आउदैछ नभयाको तिमिहरूकाहांको जस्तो फैकि हाम्रा मुलुकमा लेषन्या दस्तुर छैन भनि मैले जवाफ दियां पायाको षवर विन्ति चह्राइ पठायाको साचो झुटो कसो हो को जनि हजुर्मा जाहेर होला हजुरवाट केहि लेषि नआउदा यांहा म साह्रै अन्दाधुन्दमा परिरह्यांछु लडाइको षवर सुन्याका दिनदेषि नाएव वकीललित एक दिन भेट भएथ्यो लडाइं अवस्य हुन्छगरे भन्या षवर सुनिन्छ म ता आफना जिवि- कामा लागिरह्यांछु तिमि पनि आफ्नु केहि वन्दोवस्त गर्न्या भयादेषि गर भन्थ्या हाम्रा त पुस्तानपुस्तादेषि--१-- का तावेदार रैयत निमकषार हुं हाम्रा वन्दोवस्तको उपदेश तिमिले गर्नुपर्दैन लौ भनि जवाफ दियां उहिलेदेषि फरि मुलाकात भयाको छैन फेला पर्‍या लोकरमण उपाध्या पर्नन् हामि ता अंग्रेजका अमलमा पनि वादशाहका सहभित्र कम्प- निको हुकुम नचल्न्या ठाउंमा वस्याका छौं हाम्रो केहि विग्रन्याछैन भन्या कुरा आफ्ना इष्टमित्रहरूसित गर्छन् अरे भन्दा सुनिन्छ एस्ता बेलामा अभिन्तर वंगालिहेरूसित पेट पसि वात वुझन पठाउं भन्या षनि नाएवसित मुलाकात हुदैन यांहा भयाको हालसुरत अर्जि विति चह्राइ पठायाको छ ब्रह्माका मुलुकका सिवानामा मौल्मिनका छाउनीमा रह्याका लस्कर्मा एक पल्टन गोराले दानापुर जानु भन्या कौसलवाट हुकुम गयो इति सम्वत १८९७ साल मिति भाद्र वदि ९ रोज ६ मोकाम कलकत्ता जितपुर शुभम् – – –

सेवक लोकरमणोपाध्यायको पुराणोक्त कोटि कोटि शुभाशीर्वाद शुभम् – – – – – – –

—०—

नं. ७५

अर्जि – – – – – – – – –

उप्रान्त जाम जाहानुमा फार्सि अषवार्मा नेपालको वकील लुधियांनामा कएद छ भनि छाप्याको रहेछ अरू पनि देसावर्का रूषमुलुकतिरको षवर अषवार्मा छाप्याको रहेछ अषवार हजुरमा चह्राइ पठायाको छ वेहोरावार जाहेर

होला श्रावण वदि ६ रोज ६ का दिन वुफन भनि अंग्रेज-हरूकाहां जादा जिमिस प्रेन्सिप साहव वडा साहव हुन् उन्सित भेट हुदा नेपालवाट दोस्त महमद षांकाहां वकिल भै मातवर्सिंह थापा जादा रह्याछन् लुधियानामा पकडियाका छन् भन्दा सुनिन्छ दोस्तिका मोकाममा एस्तो वात चाहिन्या होइन कसो हो भनि मसित सोध्या यो वात केही भयादेषि मलाइ लेषि आवन्या हो केहि लेषि नआउदा सच्चा होला भन्या जस्तो लाग्दैन मातवर्सिंह थापाहरू कामदेषि षारिज भयाका छन् यांहा सवै साहवानहरूलाइ मालुम छ कावुलमा सफिर गरि पठाउनुभयादेषि अरू आदमि जादा हुन् काम-वाट षारिज भयाका आदमी जादैनहुन् एस वातले पनि अषवारवालाहरूले ऊटा वात छाप्याको होला भन्या जस्तो लागछ भनि जवाफ दियां अषवारको प्रतित हामि पनि मान्दौन दारजिलि भन्याका मोकाममा नेपालका फौजले सर्कार कम्पनिको जमिन दवायाको षवर सुनि सर्कार कम्प-निका तर्फवाट पनि केहि फौज वाहां तैनाथ भयाको छ यो कुरा कसो हो भनि सोध्या एस वातको षवर केहि पायाको छैन षवर मालुम भया भन्दा हु साचो वात भया मलाइ षवर पनि हुदोहो भनि जवाव दियां रूषका वादसाह र इरानका वादसाह जोघपुरतिरका सर्दारहरू वर्माका मुलुकका राजा चिन नेपाल सवै मिलि सर्कार कम्पनिसित लड्नाको इरादा छ भन्दा सुनिन्छ अव कसो कसो हुन्छ पछि मालुम होला भन्न लाग्या यांहा भयाको षवर हजुरमा विन्ति चह्राइ पठायाको छ मदन तेवारि विवाह गर्न गयाका अळ-संम आयाका छैनन् यांहा काहि जान आउन वुझ विचार गर्न अंरैजि षवर्का कागजको हुवाल पढन्या पनि कोहि छैनन् हजूर्मा विन्ति चह्राइ पठाउनासंमको मेरो सामर्थ हो अर्जि विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९५ साल मिति श्रावण वदि ६ रोज ६ मौकाम चितपुर शुभम्– – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्र-कोटि सुभासीर्वाद शुभम् – – – – – – –

–०–

नं. २८२

श्री ५ हजूर

१

अर्जी – – – – – – – – – – – – –

उप्रान्त मिति भाद्र शुदि ३ रोज ५ मा –१– वाट दिल्लीमा वालाशंकर मिश्रमार्फत पठाई वक्सनुभयाको कृपापात्र आई-पुग्यो कृतार्थ भै सिर चह्रायां दिलमा निहायत षुसी हासल भयो –१– का हुकुम सिर चह्राई मिती आश्विन वदि ३० रोज ३ का दिन हामीहरू डिल्लीवाट कूच गऱ्यां वाकी आजकाल यहां अंग्रेजहरूले लूध्याना कर्नाल मीरठमा रस-दहरू जंमा गर्न लागिरहेछ पटियालेवाला राजासंग अनाज ५ लाष मन नाभेकाला राजासंग अनाज २।। लाष मन कोट-लावाला राजासंग १।। लाष मन अनाज सापट लीसक्या फेरी अरू राजा रजवाडाहरूसंग रुपैयां र अनाजहरू सापट मांग्दैछन् ज्यादा यहांको अहेवाल वालाशंकरका अर्जीले जाहेर होला वाकी सेवकहरूले जान्या सुन्याको हालसुरत –१–का चरणारविन्दमा दाषील भयापछि विन्ती गरुलां ज्यादै लेषीयाको वेअद्वी कुसूर वरअप्समाफ वक्स्याजावस् इति सम्वत १८९५ साल मिती आश्विन वदि ३० रोज ३ मुकाम दिल्ली चलिचलाव शुभम् – – – – –

–०–

नं. ३२४

ज्वालानाथले काजीका चिठिमा लेषिपठायाको षवर––

अंरेजी सन् १८३९ अप्रैल महीनाको २४ तारीषमा कन्धार फत्ये भयो वाहापछि माहाराजा रंजितसित स्वर्गवास भया आषाढ सुदि ४ का दिन दस्तुरवमोजिम खड्गसिंहले राज्य गऱ्या सावन वदि १० मा लाठ साहेवले लाहोरवालाका निमित्त तोफान पठाउनाको तयारी गऱ्या सावन सुदि ९ मा षैवरको दर्रा अली मसजिद जलालावाद फत्ये भयो सावन सुदि १४ मा कावुल फत्ये भयो भनी लेषियाको छ शुभम्–

**अर्को पुर्जिको षवर**

डिल्लीका वादसाह डिल्लीदेषि ८ कोस फरक कुतुव साहेवमा छन् वडा साहेव मिस्टर तामस साहेव वहादुरले हाजीर भै हरूट साहेवलाई दर्सन गराउदा सकत्तरले ४ असर्फि नजर राष्या वादसाहवाट ६ पार्चा तीन रकमको षिलत वकस भयो – – – – – – – –

—०—